# गुलरिया नगरपालिका

## स्थानीय राजपत्र

गुलरिया नगरपालिकाद्वारा प्रकाशित

वर्ष ४ गुलरिया, पुष २१ गते,२०७७ साल


## भाग-२

**गुलरिया नगरपालिका नगरकार्यपालिकाको सुचना**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गुलरिया नगरपालिकाको नगरकार्यपालिकाले मिति २०७७/०९/२० मा जारि गरेको कार्यविधि/नियामावलि/निर्देशिका सर्वसाधारणको जानकारिको लागि स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ।

संवत २०७७ सालको कार्यविधि न. ३

**गुलरिया नगरपालिकाको ग्याँस सिलिन्डर तथा चुल्हो वितरण सम्बन्धि कार्यविधि,२०७७**

आज्ञाले

धर्मराज न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत

गुलरिया नगरपालिका

गुलरिया नगरकार्यपालिकाको ग्याँस सिलिन्डर तथा चुल्हो वितरण सम्बन्धि कार्यविधि, २०७७


परिच्छेद-१ .......... १

१. संक्षिप्त नाम र प्रारम्भः .......... १

२. परिभाषाः .......... १

परिच्छेद-२ .......... 2

३. लाभग्राही घरपरिवार छनौट प्रक्रिया : .......... २

४. लाभग्राही घरपरिवार छनौटको आधार : .......... २

५. नगर स्तरिय लाभग्राही घरपरिवार छनौट समिति सम्बन्धि व्यवस्था : .......... ३

६. जनशक्ति सम्बन्धि व्यवस्थाः .......... ३

७. वितरण सम्बन्धि व्यवस्थाः .......... ३

८. खरिद तथा भुक्तानी सम्बन्धि व्यवस्था : .......... ४

परिच्छेद-३ .......... 4

९. दण्ड जरिवाना : .......... ४

१०. अनुगमनः .......... ४

११. बाधा अड्काउ फुकाउनेः .......... ५

१२. परिमार्जन, संशोधन तथा खारेजी : .......... ५

प्रस्तावना:-

गुलरिया नगरपालिका क्षेत्र भित्र रहेका आर्थिक तथा सामाजिक रुपबाट पछाडि पारिएका, सिमान्तकृत, दलित, आदिवासी जनजाती, मधेशी मुश्लिम नगपालिकाको सिमार्वती क्षेत्रमा बसोबास गर्ने तथा विपन्न बर्गका महिलाहरुको स्वस्थ्य स्थितीमा सुधार ल्याउन, महिलाहरुको घरायसी कार्यबोझ कम गरि अर्थोपार्जनका कियाकलापमा प्रेरित गर्न र विशेष गरि सीमावर्ति वडामा बसोबास गर्ने महिलाहरुको इन्धन माथि रहेको भारतीय जङ्गलको परनिर्भता घटाउन र खाना पकाउने प्रयोजनको लागि प्रयोग गरिने इन्धनको सुनिश्चिता गर्न नेपालको संविधानको अनुसुचि-८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ ले नगरपालिका लाई आवश्यक पर्ने स्थानीय कानून बनाउन सक्ने कानूनी व्यवस्था गरेकोले सोही अधिकार प्रयोग गरी गुलरिया नगरपालिकाको लक्षित वर्ग विकास कार्यक्रम अन्तरगत ग्यास सिलिण्डर तथा चुल्हो वितरण सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यपालिका बाट स्विकृत गरि लागु गरिएको छ

## परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "गुलरिया नगरकार्यपालिकाको ग्यौस सिलिण्डर तथा चुल्हो वितरण सम्बन्धि कार्यविधि २०७७" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकावाट स्वीकृत भएको मितिदेखी लागु हुनेछ ।

२. **परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ न लागेमा यस कार्यविधिमा-

(क) "प्रमुख" भन्नाले गुलरिया नगर कार्यपालिकाको नगर प्रमुख लाई सम्झनुपर्छ।

(ख) "उप-प्रमुख" भन्नाले गुलरिया नगर कार्यपालिकाको उप-प्रमुख लाई सम्झनुपर्छ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(घ) "कार्यपालिका" भन्नाले गुलरिया नगरकार्यापलिका लाई सम्झनुपर्छ ।

(ङ) "वडा अध्यक्ष" भन्नाले गुलरिया नगरपालिकाको वडाअध्यक्ष सम्झनु पर्छ।

(च) "वडा समिति" भन्नाले गुलरिया नगरपालिकाको वडा समिति सम्झनु पर्दछ।

(छ) "सदस्य" भन्नाले नगर कार्यपालिकाको सदस्य तथा वडा सदस्य सम्झनुपर्छ।

(ज) "संविधान" भनाले नेपालको संविधान सम्झनुपर्छ।

(झ) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनुपर्छ ।

(ञ) "सभा" भन्नाले नगर सभा सम्झनुपर्छ।

(ट) "नगर स्तरिय वितरण समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समितिलाई सम्झनुपर्छ।

(ठ) "संयोजक" भन्नाले यस कार्यविधि बमोजिम गठित समितिको संयोजक सम्झनुपर्छ।

(ड) "स्थानीय तह" भन्नाले गुलरिया नगरपालिका लाइ सम्झनुपर्छ।

(ढ) "लाभग्राही" भन्नाले नगरपालिका क्षेत्र भित्र कच्ची घरमा बसोबास गर्ने नेपाली नागरिकलाइ सम्झनुपर्छ।

(ण) "कच्ची घर" भन्नाले फुसको छानो तथा जस्ता पाताले छाएको घर अर्थात पक्कि ढलान नभएको घर सम्झीनुपर्छ ।

## परिच्छेद-२

## ग्यास सिलिण्डर तथा चुल्हो व्यवस्थापन सम्बन्धी प्रक्रिया

**३. लाभग्राही घरपरिवार छनौट प्रक्रिया :**

(१) वडा स्तरीय कार्यक्रमहरुको हकमा कच्ची घरमा बसोबास गर्ने लाभग्राही घर परिवारको तथ्याङ्क अनुसुची -१ बमोजिम संकलन गरि वडा समितिको निर्णय बमोजिम अनुसूची-२ को ढाचामा दफा ५ को समिति समक्ष पठाउनु पर्नेछ।

(२) नगर स्तरीय कार्यक्रमहरुको हकमा कच्ची घरमा बसोबास गर्ने लाभाग्राही घर परिवारको तथ्यांक अनुसूची-१ को ढाचामा संकलन गरी तपशिलको समितिको निर्णय बमोजिम अनुसूची-२ को ढाचामा दफा ५ को समिति समक्ष पठाउनु पर्नेछ।

<u>तपशिल</u>

नगर प्रमुख वा निजले तोकेको जन-प्रतिनिधि - संयोजक

सम्बन्धित वडाको वडाअध्यक्ष - सदस्य

नगर-प्रमुखले तोकेको एकजना महिला जन-प्रतिनिधि - सदस्य

सम्बन्धित वडाको एक जना वडा सदस्य - सदस्य

**४. लाभग्राही घरपरिवार छनौटको आधार :**

(१) नगरपालिकाको स्थायी वासिन्दा ।

(२) कच्ची घरमा बसोबास गरेको ।

(३) नेपाली नागरिक।

(४) कुनै पनि परिवारको सदस्य जागिरमा नभएको।

(५) यस पुर्व त्यस किसिमको कुनैपनि सेवा सुविधा प्राप्त नगरेको ।

५. नगर स्तरीय लाभग्राही घरपरिवार छनौट समिति सम्बन्धि व्यवस्था :

(१) दफा ३ को उपदफा १ र उपदफा २ बमोजिमको समितिहरुबाट छनौट भै आएका लाभग्राही घरपरिवारहरुको अन्तिम छनौट गर्न तपसिल बमोजिमको नगर स्तरिय छनौट समिति रहने छ ।

नगरप्रमुख - संयोजक

उपप्रमुख - सदस्य

प्रमुख प्रशासकिय अधिकृत - सदस्य

सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य

योजना शाखा प्रमुख - सदस्य

संयोजकले तोकेको १ जना महिला जन-प्रतिनिधी - सदस्य

(२) प्रशासन शाखाका शाखा प्रमुखले सचिवको कार्य गर्नेछन ।

(३) उपर्युक्त समितीले अनुसूची-३ बमोजिमको ढाचामा विवरण तयार गर्नेछ।

(४) उक्त समितिको बैठक आवश्यक्ता अनुसार बस्नेछ ।

६. जनशक्ति सम्बन्धि व्यवस्था:

(१) लाभग्राही घरपरिवारको तथ्यांक संकलन गर्ने कार्यका क्रममा जनशक्ति अपुग भएमा यसै कार्यक्रमको रकमबाट खर्च व्यहोरिने गरि जिल्ला दररेटलाइ आधार मानी दैनिक ज्यालादारीको रुपमा खटाई हाजिरी प्रमाणित गरि सेवा सुविधा उपलब्ध गराइनेछ।

७. वितरण सम्बन्धि व्यवस्था:

(१) दफा ५ को समिती मार्फत छनौट भएका लाभग्राही घरपरिवारहरुलाइ ग्यास सिलिण्डर तथा चुल्हो वितरण गर्न तपशिलको समिति रहनेछ।

<u>तपशिल</u>

नगर प्रमुख - संयोजक

सम्बन्धित वडाको वडाअध्यक्ष - सदस्य

नगर-प्रमुखले तोकेको एकजना महिला जन-प्रतिनिधि — सदस्य

सम्बन्धित वडाको एक जना वडा सदस्य - सदस्य

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै वडामा नगरस्तरीय कार्यक्रम नपरेको खण्डमा सम्बन्धित वडाको वडाअध्यक्ष नै संयोजक हुनेछ ।

(३) एक घरमा एक भन्दा बढीलाई वितरण गरिने छैन ।

(४) उपर्युक्त समितीले अनुसूची-४ बमोजिमको ढाचामा भरपाई तयार गर्नेछ।

**८. खरिद तथा भुक्तानी सम्बन्धि व्यवस्था :**

(१) लाभग्राही घरपरिवारलाइ वितरण गरिने ग्यास सिलिण्डर तथा चुल्हो खरिद सम्बन्धि व्यवस्था सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गरिनेछ ।

(२) उपदफा १ बमोजिम खरिद गरिएको ग्यास सिलिन्डर तथा चुल्होको भुक्तानी खरिद विल, वितरण भरपाइ तथा अनुगमन प्रतिवेदन प्राप्त भएपछि गरिनेछ ।

## परिच्छेद-३
## विविध

**९. दण्ड जरिवाना :**

(१) यदि कसैले नक्कली लाभग्राहीको रुपमा सेवा सुविधा लिएको प्रमाणीत भएमा वितरित सामान जफत गरि कानून बमोजिम कारर्वाही गरिनेछ ।

(२) यदि कसैले वितरण गरेको ग्यास अन्य कुरामा प्रयोजन भएको पाइएमा निजलाई उक्त सामाग्री बराबरको दण्ड जरिवाना गरी निजलाई न.पा बाट प्राप्त गर्ने सम्पुर्ण सेवा सुविधा बन्द गरिनेछ ।

**१०. अनुगमन:**

(१) ग्यास सिलिण्डर तथा चुल्हो वितरण गर्नु पुर्व वा वितरणको दौरानमा वा वितरण पछि कार्यक्रमको प्रभावकारीताको अनुगमन गर्न तपशिल बमोजिमको समिति रहनेछ ।

<u>तपशिल</u>

नगर उप-प्रमुख - संयोजक

प्रमुख प्रशासकीय अधिकृत - सदस्य

सम्बन्धित वडाको वडाअध्यक्ष - सदस्य

नगर प्रमुखले तोकेको एकजना महिला जन प्रतिनिधि - सदस्य

सम्बन्धित वडाको एक जना वडा सदस्य - सदस्य

(५) उपर्युक्त समितीले देखिएका व्यहोरा सहित आवश्यक सल्लाह सुझाव नगरपालिकाको कार्यालयलाइ दिनु पर्नेछ ।

**११. बाधा अड्काउ फुकाउने:**

(१) यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अड्काउ परेमा नगरपालिकाको कार्यपालिकाले निर्णय गरि फुकाउन सक्नेछ।

**१२. परिमार्जन, संशोधन तथा खारेजी :**

(१) कार्यविधिलाई आवश्यकता अनुसार नगरपालिकाको कार्यपालिकाले परिमार्जन,संसोधन तथा खारेजी गर्न सक्नेछ।

अनुसूची १
(दफा ३(१) र (२) संग सम्बन्धित)

श्री समिती अध्यक्ष/ वडा अध्यक्ष ज्यू, मिति : २०७७/
गुलरिया नगरपालिका............वडा कार्यालय, बर्दिया ।

**विषय : ग्यास सिलिण्डर चुलो सेट उपलब्ध गराई पाउँ ।**

महोदय,

उपरोक्त सम्बन्धमा ताहाँ वडा कार्यालय/ नगरपालिकाबाट प्रकाशित सूचना बमोजिम म तथा मेरो घरपरिवार तोकिएको लक्षित बर्गभित्र पर्ने भएकोले ग्यास सिलिण्डर सहित चुलो सुविधा प्राप्त गर्नका लागि म योग्य भएकोले यो निवेदन पेश गरेको छु । मेरो घरपरिवारको विस्तृत विवरण निम्न बमोजिम रहेको छ ।

**तपसिल**

१. घरमुलीको नाम, थर :..................................................

२. पारिवारिक विवरण :

| नाम, थर : | नाता : |
|---|---|
| (क).................................................. | ................ |
| (ख).................................................. | ................ |
| (ग).................................................. | ................ |
| (घ).................................................. | ................ |
| (ङ).................................................. | ................ |
| (च).................................................. | ................ |
| (छ).................................................. | ................ |

**जम्मा परिवार संख्या :.......................**

३. घरको अवस्था :
(क) पक्की (ख) कच्ची (ग) टहरो (घ) घर नभएको (ङ) अन्य

४. आम्दानीको श्रोत :
(क) कृषि (ख) जागिर (ग) उद्योग धन्दा (घ) मजदुरी (ङ) अन्य

६. खान पकाउन प्रयोग गरेको ईन्धन :
(क) दाउरा (ख) गोबर गुईठा (ग) गोबर ग्याँस (घ) ग्याँस सिलिण्डर (ङ) अन्य

७. माथि मैले लेखाएको विवरण ठिक साँचो हो यस पुर्व मेरो परिवारले सो सम्बन्धी कुनै सेवा सुविधा लिईएको छैन । फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउला ।

**संलग्न कागजातहरु :**
(क) नेपाली नागरिकताको प्रतिलीपी
(ख) अन्य कागजात..............।

| दायाँ | बायाँ |
|---|---|
| | |

**निवेदक**
**नाम थर**
**ठेगाना**

निवेदकले दिएको ब्यहोरा ठिक साचो हो भनि प्रमाणित गर्दछु ।

हस्ताक्षर :
नाम :
पद : नगर प्रमुख/उप प्रमुख/वडा अध्यक्ष/का.पा सदस्य/वडा सदस्य

**अनुसूची २**
(दफा ३(१) र (२) संग सम्बन्धित)

मिति : २०७७/

## छनौट समिती/वडा समितीबाट छनौट भएका लाभग्राही घर परिवारको विवरण

| सि.न | लाभग्राहीको नाम/थर | ठेगाना | कच्ची घर भए/नभएको | जागिर भए/नभएको | कै. |
|---|---|---|---|---|---|
| **जम्मा** | | | | | |

| ........... | ........... | ........... | ........... | ........... | ........... |
|---|---|---|---|---|---|
| वडा सदस्य | वडा सदस्य | वडा सदस्य | वडा सदस्य | वडा अध्यक्ष | नगरप्रमुख/संयोजक |

अनुसूची ३
(दफा ५ संग सम्बन्धित)

मिति : २०७७/

**नगर स्तरीय लाभग्राही घरपरिवार छनौट समितिबाट छनौट भएका लाभग्राही घर परिवारको विवरण**

| सि.न | लाभग्राहीको नाम/थर | ठेगाना | कच्ची घर भए/नभएको | जागिर भए/नभएको | कै. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

| ........... | ........... | ........... | ........... | ........... |
|---|---|---|---|---|
| वडा अध्यक्ष | योजना शाखा प्रमुख | प्र.प्र.अ | उप प्रमुख | नगरप्रमुख |

अनुसूची ४
(दफा ७ संग सम्बन्धित)

मिति : २०७७/

**ग्यास सिलिण्डर तथा चुलो वितरण भरपाई**

| सि.न | लाभग्राहीको नाम/थर | ठेगाना | ग्यास सिलिण्डर तथा चुलो सेट - थान १ | बुझिलिनेको सहिछाप | कै. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| **जम्मा** | | | | | |

........... महिला सदस्य

........... वडा सदस्य

........... वडा अध्यक्ष

........... नगरप्रमुख/संयोजक

**प्रमाणीकरण मितीः** २०७७/०९/२०

आज्ञाले
धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत